नेपाल सरकार

राष्ट्रिय परीक्षा बोर्ड

**परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सानोठिमी, भक्तपुर**

## २०७५ सालको माध्यमिक शिक्षा परीक्षा (नियमित, ग्रेडबृद्धि तथा प्राविधिक) को समय तालिका सम्बन्धी सूचना

राष्ट्रिय परीक्षा बोर्डको मिति २०७५।०८ । को निर्णयानुसार २०७५ सालको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को परीक्षा देहायबमोजिमको समय तालिका अनुसार सञ्चालन गर्ने-गराउने निर्णय भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**समय तालिका**

**परीक्षा सञ्चालन समय : बिहान ८.०० बजे देखि ११.०० बजेसम्म**

| क्र.सं | मिति | विषय |
|---|---|---|
| १ | २०७५ साल चैत्र १० गते आइतबार | अनिवार्य अङ्ग्रेजी |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत भाषा र साहित्य/अनिवार्य अङ्ग्रेजी |
| २ | २०७५ साल चैत्र ११ गते सोमबार | अनिवार्य नेपाली |
| | | गैर नेपाली विद्यार्थीहरूका लागि अङ्ग्रेजी ( Elective English) |
| ३ | २०७५ साल चैत्र १३ गते बुधबार | अनिवार्य गणित |
| ४ | २०७५ साल चैत्र १४ गते बिहीबार | अनिवार्य विज्ञान |
| | | वेदविद्याश्रमतर्फ : अनिवार्य संस्कृत व्याकरण तथा अनुवाद |
| ५ | २०७५ साल चैत्र १५ गते शुक्रबार | अनिवार्य सामाजिक अध्ययन |
| | | प्राविधिक तर्फ : Farm Management and Marketing/Engineering Drawing/Computer Repair and Maintenance,Basic Music |
| ६ | २०७५ साल चैत्र १६ गते शनिबार | अनिवार्य स्वास्थ्य, जनसङ्ख्या तथा वातावरण शिक्षा |
| | | वेदविद्याश्रमतर्फ : कर्मकाण्ड/ फलित ज्योतिस |
| | | संस्कृततर्फ : अनिवार्य संस्कृत भाषा |
| | | प्राविधिक तर्फ : Aquaculture and Fisheries/Electrical Measurement and Instrument/Computer Networks/Engineering Surveying,Music of Nepal |
| ७ | २०७५ साल चैत्र १७ गते आइतबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक प्रथम पत्रका सवै विषयहरु, |
| | | वेदविद्याश्रमतर्फ : बेद वा नीतिशास्त्र |
| | | प्राविधिक विषयतर्फ : ऐच्छिक गणित (Optional Maths) |
| ८ | २०७५ साल चैत्र १८ गते सोमबार | साधारण तथा संस्कृततर्फ : ऐच्छिक द्वितीय पत्रका सबै विषयहरु |
| | | वेदविद्याश्रमतर्फ : ऐच्छिक द्वितीय पत्रका सबै विषयहरु |
| | | प्राविधिक विषयतर्फ : Vegetable and Medicinal plant Production / Dairy and Dairy Products/ Utilization of Electrical Energy/ Database management System/ Building Construction / Music Technology |
| ९ | २०७५ साल चैत्र १९ गते मंगलबार | प्राविधिक विषयतर्फ : Crop production/ Small Ruminant Production and Management / Electronic device and circuit /Water resources Engineering/ Instrument Keyboard |
| १० | २०७५ साल चैत्र २० गते बुधबार | प्राविधिक विषयतर्फ : Industrial Entomology and Mushroom /Animal health–II /Electrical Machine/ Microprocessor/ Highway Engineering/ Music Business and Program Management |
| ११ | २०७५ साल चैत्र २१ गते विहिबार | प्राविधिक विषयतर्फ : Floriculture and Nursery Management/ Veterinary Laboratory Techniques/ Industrial Installation and Maintenance/ Object Oriented Programming/ Estimating Costing and Supervision/ Optional subject (Singing, Musical Instrument, Dance) |

**द्रष्टव्य**

१. कुनै आकस्मिक बिदा पर्न गएमा पनि परीक्षा नियन्त्रण कार्यालयको पूर्वसूचना विना परीक्षा स्थगित हुनेछैन ।

२. नियमित तथा ग्रेडबृद्धि दुबै समूहतर्फको परीक्षा उल्लिखित तालिकाअनुसार एउटै समयमा नियमितको नयाँ पाठ्यक्रम र ग्रेडबृद्धिको नयाँ तथा पुरानो दुबै पाठ्यक्रममा आधारित प्रश्नहरुबाट हुनेछ । पूरानो पाठ्यक्रमबाट ग्रेडबृद्धि परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुलाई जिल्ला सदरमुकाम वा जिल्लाका सबै विद्यालयहरुलाई पाएक पर्ने गरी एउटै परीक्षा केन्द्रमा राख्नु पर्ने छ ।

३. परीक्षा हलमा प्रवेश गर्न प्रवेशपत्र अनिवार्य हुनेछ ।

४. परीक्षा केन्द्रहरुको जानकारी सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइहरुबाट हुनेछ ।

५. तोकिएको केन्द्र र तालिकाअनुसार परीक्षामा सामेल नहुने परीक्षार्थीहरुलाई परीक्षाको अर्को व्यवस्था गरिने छैन ।

६. प्रवेशपत्रमा उल्लेख भएको सिम्बोल नम्बरबाट नै परीक्षा दिनुपर्नेछ । प्रवेशपत्रमा उल्लेखित सिम्वबोल नम्वर परिवर्तन हुने छैन । कोड नम्बरमा परीक्षा दिएमा सो परीक्षा स्वतः रद्द हुनेछ ।

७. नियमित तथा ग्रेडबृद्धि दुबै समूहका परीक्षार्थीहरुको परीक्षा केन्द्र परिवर्तन हुनेछैन ।

८. परीक्षासम्बन्धी कुनै कुरा स्पष्ट नभएमा राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय कक्षा १०, सानोठिमीको फोन नं. (६६३०७३९, ६६३००७०, ६६३११४६) मा सम्पर्क गर्न सकिनेछ । यो विवरण राष्ट्रिय परीक्षा बोर्ड को website: www.neb.gov.np तथा परीक्षा नियन्त्रण कार्यालय कक्षा १०को website: www.soce.gov.np मा पनि हेर्न सकिनेछ ।

परीक्षार्थीले रजिष्ट्रेशन/आवेदन फारम भर्दा फारममा उल्लेख गरेको जन्ममिति वा नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिष्टसँग रुजु गरी फरक पाइएमा र उक्त फरक परेको विवरण संशोधन गर्नुपर्ने भएमा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०७६ साल बैशाख मसान्तभित्रमा यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध छ । अन्यथा उक्त विवरण संशोधन गर्न नसकिने व्यहोरा समेत जानकारी गराइन्छ ।